**ISSN 2505–0974**

# बादल फाटेपछि कवितासङ्ग्रहमा अभिव्यक्त यथार्थ

**डा. गणेशराज अधिकारी**
**उपप्राध्यापक**
**पशुपति बहुमुखी क्याम्पस**
**Email: lionganesh2017@gmail.com**

**लेखसार**

घटराज भट्टराईको बादल फाटेपछि कवितासङ्ग्रह वि.सं. २०२५ मा प्रकाशित कवितासङ्ग्रह हो । यसमा तत्कालीन राष्ट्रनायकप्रति सम्मान र श्रद्धा प्रकट भएका काव्यभाव व्यवहृत कविता छन् । यी कवितामा मानवीय संवेदनाका भावहरू अभिव्यक्त भएका छन् । सहानुभूति, कर्तव्यबोध, आध्यात्मिक चेत, स्तुति, देशप्रेम, देशभक्ति, राष्ट्रियता, विकास, समृद्धि, शान्ति, प्राकृतिक वैभवजस्ता भावहरू यसमा अभिव्यक्त छन् । प्रस्तुत लेखमा पुस्तक पठनविधि प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । सामग्रीको विश्लेषण गर्दा पाठात्मक विधि अवलम्बन भएको छ । गुणात्मक पद्धतिको माध्यमबाट कवितासङ्ग्रहलाई प्राथमिक स्रोत सामग्रीका रूपमा लिई सैद्धान्तिक अन्य पक्षलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । कवितामा यथार्थताको खोजी गरिएकाले प्रस्तुत लेखको पठन र अन्तर्पठन सरोकार राख्ने पाठक तथा यथार्थताको अध्ययन गर्ने जो कोही अध्येताका लागि उपयोगी रहेको निष्कर्ष रहेको छ ।

**शब्दकुञ्जी** : काव्य, आयाम, स्फुट, यथार्थ, वैभव ।

## विषयपरिचय

साहित्यलाई पाठ्य, दृश्य र श्रव्य भेदमा छुट्याइन्छ । रूपकभन्दा बाहिरका विधा पनि पाठ्य र श्रव्य भेदबाट पर्गेलेर हेरिन्छ ।  साहित्यलाई अनेक विधाको समष्टिका रूपमा बुझ्ने गरिन्छ । काव्य पनि साहित्यभित्रकै एक भेद वा विधा हो । काव्य वा कविताका प्रशस्त भेद उपभेद छन् । पश्चिमी कविता परम्परामा ओड, सनेट, लिरिकजस्ता रचना फुटकर कविताका आदिम रूप हुन् (जोशी, २०४३, पृ. १८) । आकारगत आयामका दृष्टिले कविता, खण्डकाव्य र महाकाव्य आयामका दृष्टिले स्पष्ट भेद भएका काव्यका रूप हुन् । आकारगत आयामका कोणले कविता लघुतम, लघु, मझौला र बृहत् गरी चार प्रकारका छन् (ढुङ्गेल र अन्य, २०७६, पृ.१३) । मुक्तक कविताको लघुतम भेदमा पर्दछ । मुक्तकभन्दा फराकिलो आयाम भएको काव्यको भेद नै लघु रूप हो । खण्डकाव्य कविताको मझौला रूप हो । महाकाव्यलाई भने कविताको बृहत् रूप वा भेद मानिन्छ । संस्कृतको काव्य परम्परा निकै लामो छ । यो वैदिक युगसँग जोडिन्छ । वैदिकमा पनि विशेष गरेर ऋग्वैदिक युग र अथर्व वैदिक युग यस परम्परासँग जोडिन्छन् । यस युगलाई पूर्वमा फुटकर कविताकै युग मानिएको छ (जोशी, २०४३, पृ.१८) । नेपाली कविताको स्फुट परम्पराको आदिम स्रोत भने वैदिक कविता मानिन्छन् ।

घटराज भट्टराईको प्रस्तुत बादल फाटेपछि कवितासङ्ग्रह कविताका लघु भेद जनाउने कृति हो । यस कृतिभित्रका १८ वटै कविता काव्यका लघु भेदमा पर्दछन् । प्रत्येक कवितामा कवि भट्टराईले ७ श्लोकको संरचना खडा गरेका छन् । सबै कविता शार्दूलविक्रीडित छन्दमा विधायन भएका छन् । भट्टराईको यस सङ्ग्रहमा अभिव्यक्त यथार्थको खोज यस लेखको मूल प्रयोजन हो । व्यक्तिको मनमा राष्ट्रनायकप्रति उत्पन्न श्रद्धा, संवेगजस्ता पक्षको अध्ययन गरी तथ्यको पुष्टि गर्नु यस अध्ययनको विषय हो ।

कवि घटराज भट्टराई वि सं. १९९९ सालमा ओखलढुङ्गाको सेर्नामा जन्मेका हुन् । वि.सं. २०६४ मा देहान्त भएका भट्टराईको परिवार भने बुढानीलकण्ठ नगरपालिकाको वडा नं. १२ स्थित कपनमा रहेका छन् । त्रिभुवन विश्वविद्यालयबाट सहप्राध्यापकमा सेवानिवृत्त भट्टराईले नेपाली विषयमा स्नातकोत्तर गरेका हुन् । नेपाली साहित्यको माध्यमिक कालका शीर्षस्थ सर्जक तथा समालोचक एवम् अनुसन्धाता भट्टराईका थुप्रै रचनाहरू प्रकाशित छन् । काव्य, समालोचना, जीवनी, अनुवादजस्ता विषयक्षेत्रमा उनको सफल उपस्थिति रहेको छ । कवि भट्टराईको बादल फाटेपछि कृतिमा भूमिका लेख्दै माधवप्रसाद घिमिरे यसो भन्छन् :

“पश्चिम ३ नम्बर लमजुङदेखि पूर्व ३ नम्बर ओखलढुङ्गा कति नजीकै ! त्यहाँ सगरमाथाको छायामा एक युवक मलाई मनपर्ने भाकामा सुसेल्न लागेको छ ।

ऊ गीतको एक चरणमा एक भाव भनी सिध्याउँछ । उसको भनाइको शैलीमा द्रुतगामी निर्झरको तुल्य चपलता छ । उसको सुसेलीले भोलि लेकबँसी ढाक्ने छ  ।”

माधवप्रसाद घिमिरेको यस अभिव्यक्तिले कवि भट्टराईको काव्यिक क्षमता प्रकाशित गर्दछ ।

बादल फाटेपछि काव्यसङ्ग्रहमा व्यवहृत यथार्थ नै प्रस्तुत अनुसन्धानको विषय हो । कवि भट्टराई रचित विवेच्य काव्यमा अभिव्यक्त यथार्थको खोज गर्नु यस अनुसन्धानात्मक लेखनको प्रयोजन हो । यथार्थको खोजी गर्ने क्रममा व्यक्तिगत वा सामाजिक यथार्थ कसरी र कुन रूपमा प्रस्तुत भएको छ ? व्यक्तिको मनमा राष्ट्रनायकप्रति उत्पन्न भएका श्रद्धा, संवेगजस्ता पक्षको अध्ययन गरी तथ्य पुष्टि गर्नु पनि यस अध्ययनको विषय हो । यथार्थ भाव अभिव्यक्त गर्ने क्रममा कवि भट्टराईले स्वमनका माध्यमबाट नेपालीले राष्ट्रनायकप्रति व्यक्त गर्ने यथार्थलाई अभिव्यक्त गरेका छन् । कवि भट्टराईको प्रस्तुत रचनाले कवि मनलाई राष्ट्रनायकसँग जोडेको छ । काव्यका श्लोक छन्दोबद्ध छन् । शार्दूलविक्रीडित छन्दको अन्त्यानुप्रासयुक्त योजना भएका कविताले काव्यमा कविका भावलाई यथार्थ रूपमा प्रस्तुत गरेका छन् । लेखको उद्देश्य काव्यमा अभिव्यक्त यथार्थ पत्ता लगाएर उक्त यथार्थको प्रक्रियाको विश्लेषण गर्ने प्रमुख उद्देश्य रहेको छ ।

प्रस्तुत अध्ययन कवि भट्टराईको बादल फाटेपछि कसतिमा अभिव्यक्त यथार्थको खोजीमा केन्द्रित छ । काव्यमा विविध प्रकृतिका यथार्थ अभिव्यक्त भएका छन् । कवि मनका अनेक भाव अभिव्यक्त भएकाले यथार्थताको अभिव्यक्तिका दृष्टिले विवेच्य काव्य औचित्ययुक्त छ । अनुसन्धान, खोज तथा स्वअध्ययनमा लागेका वा लाग्ने सबै स्वाध्यायनकर्ता वा शोधार्थीका लागि यस लेखले विवेच्य काव्यका विषयमा आवश्यक थप ज्ञान दिने छ । विवेच्य कृति पढी उक्त कृतिबाट अभिव्यक्त कवि मनका विषयमा जानकारी लिनेका लागि त झन् यो अध्ययन थप सहयोगी र सार्थक बन्ने छ ।

कवि भट्टराईको विवेच्य काव्यमा मात्र यो अध्ययन सीमित रहेको छ । यस अध्ययनमा कवि मनबाट कवि कलमले व्यक्त गरेका यथार्थ पक्षको मात्र खोज गरिएको छ । अतः व्याख्या र समीक्षा गर्दा पनि उक्त यथार्थ पक्षलाई समेटिएको छ । कविले नेपाली जनका मन, मुटु र मस्तिष्कमा राष्ट्रनायकप्रति अपार श्रद्धा छ भन्ने भावलाई यथार्थका रूपमा प्रस्तुत गरेका छन् । यही वास्तविक यथार्थको भावमा नै यो अध्ययन सीमित भएको छ ।

कवि घटराज भट्टराईबाट रचित बादल फाटेपछि कवितासङ्ग्रह वि.सं. २०२४ मा रचना भई वि.सं. २०२५ मा प्रकाशित भएको हो । राष्ट्रनायक श्री ५ महेन्द्र वीर विक्रम शाहको स्वास्थ्य अवस्थालाई केन्द्र बनाएर लेखिएको यो काव्यमा लामो समय कैद भएको छैन । यस सँगालोमा मेरो नायक आज त्यै छ 'देखि' लाऊँ खद्दर गाऊँ गीत' सम्मका १८ वटा कविताहरू समेटिएका छन् । काव्य रचनामा प्राथमिक स्रोत कवि मनका राष्ट्रनायकप्रतिका संवेदनात्मक भावहरू रहेका छन् । द्वितीयक स्रोतका रूपमा प्राकृतिक, सामाजिक, सांस्कृतिक र राष्ट्रिय सन्दर्भ तथा परिवेशको चित्रण रहेका छन् । कविका अन्तरभावका अव्यक्त अनुभव काव्यमा कवि मनका विषय बनेर आएका छन् ।

यस अनुसन्धानात्मक लेखमा आगमन विधिको माध्यमबाट यथार्थ अभिव्यक्ति खोजिएको छ । कवि मनबाट व्यवहृत भएका तथ्यलाई व्याख्या तथा विश्लेषण प्रक्रिया अवलम्बन गरी समीक्षा गरिएको छ । अनुसन्धानको ढाँचा गुणात्मक प्रकृतिको रहेको छ । अध्ययनलाई सार्थक बनाउन मूल सामग्रीको पहिचान हुनु आवश्यक छ । अध्ययनलाई परिणाममुखी बनाउन प्राथमिक स्रोतका रूपमा सामग्री छनोट र सङ्कलन गरिएको छ । यसरी खोजिएको मूल सामग्रीका आधारमा अध्ययन तथा विश्लेषण गरिएको छ । व्याख्याका क्रममा कवि भट्टराईको बादल फाटेपछि कृतिमा अभिव्यक्त विविध यथार्थको प्रस्तुतिलाई दृष्टान्त बनाइएको छ ।

विवेच्य कृतिको समीक्षा प्रयोजनमा अन्य सामग्री पनि सङ्कलन गरिएका छन् । कृति समीक्षा गर्ने क्रममा सन्दर्भ पुस्तक तथा शोध सामग्रीसमेत सङ्कलन गरिएको छ । अध्ययन विश्लेषणका क्रममा प्राथमिक सामग्रीका रूपमा विवेच्य कृतिलाई पहिलो र अनिवार्य सामग्री मानिएको छ । कृति विश्लेषण गर्दा गुणात्मक विधि अपनाइएको छ ।

## सैद्धान्तिक आधार

यथार्थको अध्ययन यथार्थवादमा हुन्छ । यथार्थ र वाद यी दुईको योगले यथार्थवादको संयुक्त अर्थ बोक्दछ । यसले यथार्थ जस्तो छ ठिक त्यस्तै भन्नु भन्ने अर्थ सम्प्रेषण गर्दछ (जोशी, २०५१, पृ. ३९) । यथार्थवाद सत्यसम्बन्धी सिद्धान्तसँग सम्बन्धित छ । यर्थाथ जे हो त्यही सत्य हो । यसले आफूले देखेको वस्तुगत कुरामा विश्वास गर्छ । यसरी हेर्दा यसले यथार्थवादसँग सम्बन्ध राखेको देखिन्छ । हामी जे देख्छौँ त्यो प्रकृतिमा हुने भएकोले प्रकृति र प्रकृतवाद पनि यसका सहयोगी हुन्छन् ।

साहित्यको क्षेत्रमा यथार्थवाद शब्दले संसारमा जुन वस्तु जस्तो छ त्यस्तै ढाँचामा त्यसको ठिक ठिक चित्रण

वर्णन गर्ने मान्यतालाई आतसात् गर्दछ (बराल र अन्य, २०७९, पृ.२९) । विवेच्य कविता सङ्ग्रहमा यथार्थ पक्ष तथा आयामलाई समीक्षाको आधार बनाइएको छ । मानव जीवन जगतका बिचको सम्बन्धबाट देखापर्ने वास्तविकतालाई यथार्थताको आँखाले हेरे त्यसलाई यथार्थवादी साहित्यका रूपमा अध्ययन गर्ने परम्परा छ । यर्थावादलाई चिनाउने क्रममा भण्डारी र पौडेल यसो भन्छन्, वस्तुतथ्यको यथातथ्य प्रस्तुति वा चित्राङ्कन र वर्णन नै यथार्थवाद हो (जोशी, २०६८, पृ.१३३) । यही परम्पराको एउटा शृङ्खलाका रूपमा यस अध्ययनमा पनि यथार्थताको कोणबाट विवेच्य कृतिको अध्ययन गरिएको छ ।

साहित्यमा यथार्थको अध्ययन गर्दा लेखकले समाजलाई, समाजको कुन पक्षलाई समाजको कुन वा कस्तो कार्यलाई र समाजबाट सर्जकले बताउन चाहेका यथार्थलाई कसरी प्रस्तुत गरेको छ सो हेरिन्छ । समाजका सत्य, तथ्य र सुन्दर भावलाई ध्यान दिइन्छ । वस्तुको यथार्थ प्रकृतिबाट कलाको सिर्जना हुँदैन भन्ने मान्यता यथार्थवादको छ । वस्तु जस्तो छ, त्यस्तै प्रस्तुति यथार्थवादको मान्यता हो (अधिकारी र अन्य, २०७९, पृ.१२२) । सामाजिकता भनेको चाहिँ समाजको सर्वमान्य व्यवस्था हो । यसमा समाजका सामाजिक पक्षसँग सम्बन्ध राख्ने थुप्रै पक्ष जोडिएका हुन्छन् । विविध पक्षमध्ये यथार्थता एउटा पक्ष हो । समाजसँग प्रत्यक्ष जोडिने व्यक्ति, उसमा रहेका सोच, विचार, क्षमता, चेतना र यिनले सिर्जना गर्ने वर्ग, लिङ्ग, शिक्षाजस्ता पक्षको संयोजन पनि सजीव रूपमा अभिव्यक्त भएको हुन्छ । यही वस्तुगत अवस्था नै सामाजिक पक्ष हो ।

समाजमा परिवर्तन चाहनु समाजका सदस्यको स्वाभाविक गुण हो । मान्छेका विचार, भावना, सोचमा आउने बदलावले परिवर्तनको प्रत्याभूत गर्दछन् । 'वस्तुगत यथार्थमा भौतिक वा बाह्य जीवनजगत् वस्तु यथार्थ हो । साहित्यिक यथार्थले भने सामाजिक यथार्थलाई अँगाल्दछ' -आचार्य, २०६७, पृ.१९४) । परिवर्तन हुने अवस्थाको सम्बन्ध भने यथार्थतासँग रहेको हुन्छ । समाज र व्यक्तिका व्यवहारमा आएको परिवर्तन नै सामाजिक परिवर्तन हो । यस किसिमको परिवर्तन समाजको संरचना र व्यक्तिको सोचमा समेत आएको परिवर्तन हो भनेर बुझिन्छ ।

समाज भन्नेबित्तिकै यसका अनेक पक्ष बुझिन्छन् । वर्ग, लिङ्ग, राजनीति, अर्थनीति यस्तै अनेक संयन्त्र मध्येका हुन् । यस किसिमका संयन्त्रका योगले व्यक्तिको सोच र समाजको स्वरूप खडा गर्दछ । पात्र वा समाजका यस किसिमका पक्षको वस्तुगत अवस्थालाई यथार्थतासँग जोडेर अध्ययन गर्ने प्रचलन छ । प्रस्तुत अध्ययनमा पनि यथार्थतासँग जोडिने समाज र पात्रका मनस्थिति र तिनले व्यक्त गरेका यथार्थ विषयलाई विवेच्य कवितासङ्ग्रहभित्रका सामग्रीका आधारमा विश्लेषण गरिएको छ ।

## विमर्श र परिणाम

बादल फाटेपछि कवितासङ्ग्रहमा अभिव्यञ्जित विभिन्न यथार्थको चित्रण भएको छ । काव्यमा व्यवहृत यथार्थतालाई फरकफरक उपशीर्षकमा व्याख्या गरिएको छ । यस क्रममा कवि भट्टराईले कवि मनमा रहेका समसामयिक राजभक्तिका भावलाई यथार्थ रूपमा प्रस्तुत गरेका छन् । कवि मन र कवि कल्पनाले यथार्थ रूपमा विवेच्य काव्यमा मूर्त आकार पाएका छन् ।

कवितासङ्ग्रहमा उठाइएका विषयले समसामयिक यथार्थको अभिव्यक्ति दिएका छन् । सङ्ग्रहमा आदर्शता, मानवीय संवेदना, सहानुभूति, राष्ट्रवादी सोच, आध्यात्मिक चेत, देशप्रेम, शान्ति, उन्नतिजस्ता विषय कवि कल्पनाबाट विसृत भएका छन् । ईश्वरप्रतिको विश्वास र प्रार्थना, यथार्थ कर्तव्य, ऐतिहासिकता, प्राकृतिक र राष्ट्रिय भाव, विकासजस्ता विषय कवि मनका भाव भएर काव्यमा अभिव्यक्त छन् ।

## आदर्शजनित कवि कल्पित यथार्थ

कवि भट्टराईका कवितामा आदर्श जनाउने भाव यथार्थ भएर अभिव्यक्त भएको छ । राम्रो हुनुपर्छ, असल हुनुपर्छ भन्ने आदर्श भाव काव्यमा यसरी अभिव्यक्त छ :

मान्छे हो तर देशमा प्रिय नयाँ सिञ्चन्छ जो दर्शन,
मान्छे नायक आज त्यै छ दिलको सर्वस्व मेरो धन (पृ.२) ।

शार्दूलविक्रीडित छन्दमा रचित माथिको श्लोकको अंशले कवि मनको आदर्श भाव यथार्थ भएर प्रस्तुत भएको छ । उद्धृत अंशले देशलाई नयाँ बाटो देखाउने तथ्य प्रकाशित गरेको छ । कविले उक्त अवस्थालाई आफ्नो सर्वस्व ठानेका छन् ।

आफ्नो देश बनाउने प्रण गरी खोजी नयाँ दर्शन
मेरो स्वार्थ छ देशको हरघडी पाइन्न अर्को पन (पृ.३) ।

यस श्लोकमा व्यक्त भएको भावले कवि मनमा रहेको आदर्श बोध गराएको छ ।

हाम्रा शास्त्र पुराणमा पनि मिठो गाइन्छ आदर्श यो
गर्छु आज सिकार दुष्टहरूको मेरो छ कर्तव्य यो (पृ.११) ।

कविताको अंशले दुर्जन नाश गरेर सज्जनलाई न्याय दिने विषयलाई प्रस्तुत गरेको छ जसले आदर्श भावको सम्प्रेषण गर्दछ ।

सारा शोषण नाश ह्रास पहिलो मेरो नयाँ शान हो,
पाऊन् न्याय समस्त जीव सहजै मेरो यही मान हो (पृ.१२) ।

प्रस्तुत अंशले पनि यही आदर्शको बोध गराएको छ जसले काव्यमा यथार्थ भाव प्रकाशित गर्दछ ।

यो कारूण्य कथा सुनेर गहमा आँसु नलेओ बरू
आफ्नो धर्म उमेद राख दरिलो छोडेर सारा अरू (पृ.२४) ।

माथि प्रस्तुत अंशले धर्म र कर्तव्य राखेर असल कर्म गर तर बिलौना नगर भन्नुले यही आदर्शलाई प्रस्तुत गरेको छ ।

कैल्ये दर्शन पाउने हृदयमा जाग्थे सयौँ भावना
खाली स्वास्थ्य सुधारको सकलको यौटै थियो कामना (पृ.२७) ।

माथिका अंशले कवि मनले देखेका आदर्श भावलाई शार्दूलविक्रीडित छन्दको प्रयोगको सहाराले सरल बनाई अभिव्यक्त गरेका छन् । यसरी व्यक्त भएको भाव आदर्श भए पनि यथार्थ रूपमा अभिव्यक्त भएको छ ।

## मानवीय संवेदना र सहानुभूतिको अभिव्यक्ति

कवि भट्टराईले आफ्ना कवितामा मानवीय संवेदना र सहानुभूतिको भावलाई जस्ताको तस्तै बनाएर प्रस्तुत गरेका छन् :

मुस्काएर नहाँस मानवहरू त्यो दृश्य सोची कन,
निस्ताएर नजाउँ मानवहरू के हो र यो जीवन (पृ.२) ।

'मेरो नायक आज त्यै छ' शीर्षकको पहिलो कवितामा मानवीय संवेदनाको भावलाई मुस्कान, सोच, विचार, निस्ता चिन्ताजस्ता भाव यथार्थ रूपमा प्रस्तुत छन् ।

मानवीय संवेदनाको भावलाई सहानुभूतिका रूपमा यसरी प्रस्तुत गरिएको छ :-

त्यो दर्बार सुरम्य कान्तिपुरको त्यो दृश्य फीका थियो,
यौटै जीवन प्राणको स्मरणमा त्यो चित्त व्यस्तै थियो ।
रानी नीद परेन छट्पट भयो क्यै बेर निद्रा पऱ्यो,
देखी चित्र विचित्र धेर सपना झस्का मुटुमा पऱ्यो (२०२५, पृ.२३) ।

कवि कल्पित मानवीय संवेदना र सहानुभूतिको भावलाई माथिको कवितांशबाट अभिव्यक्त गरिएको छ ।

## राष्ट्रिय एकता, विकास र समृद्धिको अभिव्यक्ति

कवि मनबाट राष्ट्रिय एकताको भाव प्रस्तुत हुनु विवेच्य कवितासङ्ग्रहको पहिचान हो । विकासप्रेमी र समृद्धिको सपना देख्ने आफ्ना राष्ट्रनायकप्रति उनको अपार श्रद्धा छ । 'अर्को स्वार्थ मलाई छैन' कवितामा कवितामा कवि भट्टराई राष्ट्रको समुन्नतिलाई विषय बनाएर यसरी यर्थाथता प्रस्तुत गर्दछन् :

छाँगाले बिजुली दिऊन् रहरमा नेपालका गाउँमा ,
आत्मा उज्ज्वल होस् समस्त जनको शोभा खुलून् गाउँमा (पृ.३) ।

घुम्दै गाउँ, पहाड,जङ्गल, कुना हेरेर चारैतिर ,
जान्दै दुः ख विचार कष्ट सबको सुर्ता र पीडा पिर
गर्छु पालन देशको म समता सिञ्चेर सारा कन
मेरो छैन विभेद कत्ति दिलमा हे देशवासी जन (पृ.४) ।

माथि प्रस्तुत भएका कविताका अंशले देशको समुन्नति, नागरिकको पिर सुर्ता हरण र सबैको भलाइ गर्दै कसैलाई विभेद नगर्ने भाव कवि मनले अभिव्यक्त गरेको छ । यो कविले व्यक्त गरेको यथार्थ भाव हो । एकता, विकास, समृद्धिजस्ता पक्षलाई काव्यमा विषय बनाइएको छ ।

## शान्ति र आशावादी स्वरको अभिव्यक्ति

भट्टराईका कवितामा एकातिर आशावादी स्वर मुखरित भएको पाइन्छ भने अर्कोतिर सुसंस्कृति र शान्तिको भाव

भेटिन्छ। काव्यमा अभिव्यक्त यी भावले कविको मनबाट निसृत भएका यथार्थताको अभिव्यक्ति दिन्छन्।

आफ्नो संस्कृति ज्ञान दीप सबको संस्कारमा फैलियोस्
यौटै वास्तव तत्त्व शान्ति सरिता सम्पूर्णमा फैलियोस् (पृ.३)।

'अर्को स्वार्थ मलाई छैन' कवितामा कविले आफ्नो संस्कृतिको ज्ञान दीपले सबैलाई उज्यालो बनाओस् र यसले हामी सबैमा शान्तिको नदी बहाओस् भन्ने भाव अभिव्यक्त गरेका छन्। यही आदर्श भाव नै काव्यमा यथार्थ भई अभिव्यञ्जित छ :

फाँडी दुर्जय दुष्ट जाल नखरा, बन्ने सबै साँचिला,
जाडो दूर भयो, फुले कुसुमका साना सबै कोपिला
वासन्ती लयदार भाव सुषमा शोभा उदाई अब
फैले भव्य दिशा दिशारसभरि सङ्गीतका उत्सव (पृ.६)।

कवि भट्टराई आशावादी छन्। उनी सबै खालका दुर्भावको अन्त्य र नयाँ सुन्दर संसारको स्थापनाको परिकल्पना गर्दछन्। माथिको श्लोक अंशले यही भावलाई अभिव्यक्त गरेको छ।

**प्राकृतिक सम्पन्नताको अभिव्यक्ति :**

कवि भट्टराईका कवितामा प्रकृतिको सहजता एवम् सम्पन्नताको चित्रण छ। कवि भट्टराईको 'वासन्ती मृदु हास्यमा' कवितामा प्रकृतिको सम्पन्नतालाई यसरी अभिव्यक्त गरिएको छ :

पन्छी गुँड लगाई प्रेय बचरा पार्ने र हुर्काउँथे,
यौटा त्यै वन पूर्ण आश्रम खडा सम्पूर्णले पाउँथे
त्यो स्वर्गीय प्रभा सुशोभन थियो शोभा वनैया मिली
देखिन्थे शैलझैँ गहकिला त्यो पुष्प शोभा खिली (पृ.७)।

शार्दूलविक्रीडित छन्दमा रचित माथिको श्लोकले प्राकृतिक सम्पन्नता र मनोरमतालाई यथार्थ चित्रण गरेको छ। यस्तै प्राकृतिक सम्पन्नता बुझाउने अर्को एउटा दृष्टान्त यस्तो छ :

शान्ति स्रोत थिए यिनै वनहरू बस्थे सयौँ मानव,
हिंसा चौर प्रधान यी हुन गए आएर अर्कै युग (पृ.१०)।
पन्छी गीत रचेर सुन्दर कुनै गर्थे सयौँ स्वागत
फक्री पुष्प सुगन्धले सहृदयी गर्थे कुनै स्वागत (पृ. २१)।

माथिका कवितांशले प्रकृतिको सरल, सहज र स्वाभाविक चित्रण गरेका छन्।

**ऐतिहासिक यथार्थता**

नेपालको गरिमापूर्ण इतिहासको स्मरण गराउँदै कवि भट्टराई ऐतिहासिक भाव यसरी व्यक्त गर्दछन् :

आफ्नो नित्य स्वतन्त्रता अमरता जो ठाउँमा मिल्दछ
हाम्रो जन्म त्यहीँ भयो र त्यसले दुष्कर्मता निल्दछ (पृ.३४)।

माथिको कविताको अंशले नेपालको गौरवमय इतिहासलाई यथार्थ रूपमा चित्रण गरेको छ।

**कर्तव्यबोधको अभिव्यक्ति**

कवितासङ्ग्रहमा कविले प्रस्तुत गरेको कर्तव्यबोधलाई स्वाभाविक रूपमा प्रस्तुत गरिएको छ। कर्तव्य भन्ने कुरा स्वयम् बोध हुनुपर्ने विषय हो। यसलाई स्पष्ट पार्न कवि यस्तो तथ्य प्रस्तुत गर्दछन् :

गर्नु श्रेय छ नाश आज त्यसको कर्तव्य सम्झीकन
मेरो कर्म पूरा म गर्दछु यही निर्धा बचाइकन (पृ. १२)।

'गर्छु आज सिकार' शीर्षकको कविता अंशबाट कवि भट्टराई कर्तव्यबोधको अभिव्यक्त गर्दछन्।

**राष्ट्रवादी चेतनाको अभिव्यक्ति**

'बादल फाटेपछि' कवितासङ्ग्रहमा कवि भट्टराई आदर्श शासन शैलीको सङ्केत गर्दछन्। उनले देशभक्ति र राजा महेन्द्रको राष्ट्रवादी सोचलाई महत्त्व दिएका छन्। कवितामा उनको विचार यसरी व्यक्त भएको छ :

सारा शोषण नाश ह्रास पहिलो मेरो नयाँ शान हो
पाऊन् न्याय समस्त जीव सहजै मेरो यही मान हो (पृ.१२)।

माथिको कविताको अंशले आदर्श शासन शैलीको बोध गराउँछ। शासन शैलीका कारण पनि देशभक्तिको भाव प्रकाशित हुन्छ।

**शान्ति र उन्नतिको अभिव्यक्ति**

भट्टराईका कवितामा कवि मनबाट शान्ति र उन्नतिका भाव सम्पादन गर्न साहस र शौर्यको भाव अभिव्यक्त भएको छ। यसलाई बुझाउन तलको श्लोकांश प्रस्तुत गर्न सकिन्छ :

मेरो कर्म छ यै सहास भरिलो छन् जङ्गली शूर यी
मौकामा कसरी चुकौं अघि सरी मार्छु सबै क्रूर यी (पृ. १४)।

**राष्ट्रनायकप्रतिको सकारात्मक भावको अभिव्यक्ति**

कवि भट्टराई यस सङ्ग्रहमा राष्ट्रनायकप्रति रकारात्मक भाव अभिव्यक्त गर्दछन् र देशप्रति चिन्ता पनि यक्त गर्दछन्। कविले देशका लागि काम गरेका राजालाई गुमाउनुपर्ने हो कि भन्ने चिन्ता जाहेर गरेका छन्। एउटा राजभक्त नागरिकको धर्मका रूपमा यसलाई ग्रहण गरेका छन्। कवि शिवको प्रार्थनासमेत गर्दछन् :

केको कम्ति भएर आज रवि त्यो लागेछ अस्ताउन
कस्तो कर्म गरे सकिन्छ अब हे त्यो प्राण फर्काउन (पृ. १६)।

राजाप्रतिको सकारात्मक राजभक्तिको यथार्थ भाव प्रकाशन गराउने एउटा अर्को कविताको अंश पनि प्रस्तुत गर्न सकिन्छ :

भन्दै शंकर पूर्ण छौं शरणमा इच्छा छ जे त्यो गर
अर्को छैन उपाय हाल शिव हे छौं पूर्ण तिम्रै भर (पृ. १६)।

**धार्मिक आध्यात्मिक भावको प्रस्तुति**

कवि भट्टराईमा देशका अभिभावक राजाप्रति रहेको अव्यक्त भाव प्रकाशित गराउन धार्मिक आध्यात्मिक चिन्तनले पनि काम गरेको छ। कवि ईश्वरप्रति अझ खास गरेर भगवान् शंकरप्रति आशावादी छन्। कविमा रहेको आध्यात्मिक भाव यसरी प्रस्फुटित भएको छ :

त्यस्तो निर्जन ठाउँ त्यो वरिपरि खाली वनैयाहरू
एउटै ईश्वर हो सहाय सबको पाइन्न केही अरू (पृ. १८)।

माथिको कविताको अंशले ईश्वरको सहारा हामी सबैका लागि हो भन्ने भाव व्यक्त गरेको छ।

**देशप्रेम र देशभक्तिको भाव**

देशप्रेम र देशभक्तिको भाव व्यवहारबाट प्रतिबिम्बित हुने विषय हो। कवि भट्टराई आफ्ना कविताका माध्यमबाट राजभक्तिसँगै देशप्रेम र देशभक्तिको भाव अभिव्यक्त गर्दछन्। 'मेरो देश सधैं उचो रहिरहोस्' शीर्षकको कवितामा कवि देशप्रेमको भावलाई यसरी व्यक्त गर्दछन् :

बन्दै देश रहोस् समुज्ज्वल सधैं मेरो छ सङ्कल्प यो ,
सारा वैभव छन् फिका हृदयमा जम्दै छ है भाव यो।
मेरो देश बचोस् नभै अरू कुरा मेरो गए जीवन,
साथी हो ! अरू छैन चाख अहिले हो देश मेरो धन (पृ.१९)।

माथिको श्लोकले देशप्रतिको आफ्नो कर्तव्यबोध गराएको छ। देशप्रतिको प्रेमको यथार्थ अभिव्यक्ति भएको छ।

कविले 'झन्डा चन्द्र र सूर्य ' कवितामा देशभक्तिको भावलाई यसरी अभिव्यक्त गरेका छन् :

एउटै लक्ष्य छ देश उच्च सबको पारौं सधैं शानको
पारौं गौरव तेज दिप्त सब यो आदर्श सम्मानको
राखी आदर देशको हरघडी सौजन्य वर्षा गरी
राखौं आपस मेल कर्म पथमा सद्भाव शोभा भरी (पृ.३४)।

**स्तुति र आराधनाको अभिव्यक्ति**

कवि आफ्ना भूपतिप्रति सम्मान र सम्झना व्यक्त गर्दछन्। भूपतिको रक्षाका लागि लौकिक अलौकिक देवीदेवताको स्तुति गाएका छन्। 'एउटै ईश्वर हो सहाय' भन्ने शीर्षकको कवितामा कवि आफ्नो काव्यभाव यसरी प्रकाशित पार्दछन् :

हे सर्वज्ञ कसो गरी हृदय यो सिर्जेर बिर्सी दियौ,

केले आपद यो पऱ्यो नृपतिमा के काम मुर्दै दियौ ?
तिम्रो इज्जत के रहन्छ यसले गर्ने कुनै काम हो,
कोही छैन सहाय हाय कसरी के जिन्दगानी गयो (पृ. १७) ।
कविले आफ्ना राजाप्रतिको यथार्थ भाव स्तुतिका रूपमा व्यक्त गरेका छन् ।

**ईश्वरीय विश्वास र आशावादी स्वर**

'रोए गाउँ गुफा पहाड' शीर्षकको कवितामा कविले आफ्ना भूपतिलाई बचाउन अब एउटै विकल्प र आस्था ईश्वरमाथि रहेको भाव व्यक्त गरेका छन् । कवि काव्यभाव यसरी अभिव्यक्त गर्दछन् :

संसारी क्रम भावमा लहरिँदा वैषम्य देखिन्छ क्वै
जो नामी पुरुषार्थमा छ त कुनै वास्ता कहाँ हुन्छ है
घेर्छन् आपदले जहाँ वरिपरी घेरा दिई हर्दम
यौटै हुन्छ सहाय ईश्वर सधैँ सम्पूर्णको अन्तिम (पृ. २६) ।

वास्तविक आध्यात्मिक भावलाई कविले आफ्नो भावका रूपमा उतारेका छन् ।

**राष्ट्रिय झन्डाप्रतिको उच्च भावाभिव्यक्ति**

'झन्डा चन्द्र सूर्य' शीर्षकको कवितामा कविले राष्ट्रिय झन्डाको गरिमा उल्लेख गरेका छन् । झन्डाको भावसँग आफ्ना भूपतिको भाव जोडेर काव्यमा कविले कवि मनको माध्यमबाट यथार्थ
चित्र कोरेका छन् । यस सन्दर्भमा कविताको अंश यसप्रकार छ :

झन्डा चन्द्र र सूर्य अङ्कित जहाँ फर्फर् गरी चल्दछ
दोषी दारुण कर्म नाश्न नृपको आभा जहाँ चल्दछ (भट्टराई, पृ. ३४) ।

उपर्युक्त कवितांशले झन्डाको गरिमा र ओजले संस्थाको ओजलाई समेत बोकेको भाव अभिव्यक्त भएको छ ।

**निष्कर्ष**

कवि घटराज भट्टराईको बादल फाटेपछि कविता सङ्ग्रहभित्रका कविताले कवि मनको यथार्थता प्रस्तुत गरेका छन् । प्रस्तुत कविता सँगालोमा मूलत : मानवीय संवेदनाका भाव व्यक्त भएका छन् । कवितामा कविले राष्ट्रनायकप्रति गरेको श्रद्धा व्यक्त भएको छ । कविमा आशावादी स्वर मुखरित भएको छ । यहाँ सहानुभूति, कर्तव्यबोध, आध्यात्मिक चेत, स्तुतिजस्ता भावहरू व्यवहृत भएका छन् । देशप्रेम, देशभक्ति, ऐतिहासिक परम्परा, राष्ट्रिय एकता, विकास, समृद्धि, उन्नति शान्ति, प्राकृतिक वैभवजस्ता भाव काव्यमा अभिव्यञ्जित भएका छन् । प्रस्तुत कवितासङ्ग्रह ३६ पृष्ठमा विस्तारित भएको छ जसमा १८ वटा कविता सङ्कलित छन् । कविताका विषयक्रम कविको राष्ट्रनायकप्रतिको सम्मान भएकोले उपयुक्त, सान्दर्भिक र यथार्थ छन् । 'मेरो नायक आज त्यै छ' बाट सुरु भई अन्तिम कविता 'लाऊँ खद्दर गाऊँ गीत' मा बिट मारिएको छ । विषय र भावअनुसार शीर्षक यथार्थ छन् । काव्य विषय अध्ययन गर्दा वि.सं. २०२४ देखि २०२५ सालको घटना प्रस्तुत गरिएको देखिन्छ । तत्कालीन समसामयिक राजनीतिक व्यवस्थामा राजा महेन्द्रको देशप्रतिको भावलाई सम्मान र स्मरण गर्दै कविबाट यो कवितासङ्ग्रहमा यथार्थ भाव व्यक्त गरिएको छ ।

**सन्दर्भ ग्रन्थसूची**

अधिकारी, गणेशराज, गौतम, वासुदेव र ढुङ्गेल, वासुदेव (२०७९), साहित्यशास्त्र र नेपाली समालोचना, भुँडीपुराण प्रकाशन ।
आचार्य, कृष्णप्रसाद (२०६७), साहित्यशास्त्र र नेपाली समालोचना, क्षितिज प्रकाशन ।
जोशी, कुमारबहादुर (२०५१), पाश्चात्य साहित्यका प्रमुख वाद, (दोस्रो संस्क.) साझा प्रकाशन ।
जोशी, ताराप्रसाद (२०४३, सम्पा.) नेपाली कवितासङ्ग्रह भाग २, (तेस्रो संस्क.) मोहनप्रसाद ।
ढुङ्गेल, वासुदेव, अधिकारी गणेशराज र गौतम, वासुदेव (२०७६), नेपाली कविता काव्य, भुँडीपुराण प्रकाशन ।
बराल र अन्य (२०७९), नेपाली साहित्यकोश, (दोस्रो संस्क.), नेपाल प्रज्ञा-प्रतिष्ठान ।
भट्टराई, घटराज (२०२५), बादल फाटेपछि , लेखक स्वयम् ।
भण्डारी, पारसमणि र पौडेल, माधवप्रसाद (२०६८), साहित्यशास्त्र र नेपाली समालोचना, विद्यार्थी पुस्तक भण्डार ।